# प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

## प्रदेश निजामती सेवाको कृषि सेवा (बाली संरक्षण, बाली विकास, बागवानी, कृषि प्रसार, माटो विज्ञान र एग्. इको. एण्ड मार्केटिङ्ग समूह) र स्थानीय सेवाको कृषि सेवा, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

पाठ्यक्रमको रूपरेखाः- संयुक्त र एकीकृत परीक्षा प्रणाली (Unified & Integrated Examination System) को आधारमा यस पाठ्यक्रम योजनालाई निम्नानुसार दुई चरणमा विभाजन गरिएको छ।

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| प्रथम चरण | लिखित परीक्षा (Written Examination) | २०० |
| अन्तिम चरण | कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० |
| | अन्तर्वार्ता (Interview) | ३० |

### परीक्षा योजना (Examination Scheme)

१. प्रथम चरणः लिखित परीक्षा (Written Examination) पूर्णाङ्कः २००

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | | प्रश्नसंख्याxअङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General awareness & Public management) | १०० | ४० | वस्तुगत (Objective) | बहुवैकल्पिक प्रश्न (MCQs) | २०x२=४० | ४५ मिनेट |
| | सेवा सम्बन्धी ज्ञान (Service Based knowledge) | | | | | ३०x२=६० | |
| द्वितीय | प्राविधिक विषय (Technical Subject) | १०० | ४० | विषयगत (Subjective) | छोटो उत्तर<br>लामो उत्तर | १२x५=६०<br>४x१०=४० | २ घण्टा १५ मिनेट |

२. अन्तिम चरणः कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता पूर्णाङ्कः ४०

| पत्र/विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill test) | १० | प्रयोगात्मक (Practical) |
| अन्तर्वार्ता (Interview) | ३० | मौखिक (Oral) |

दृष्टव्यः

१. यस पाठ्यक्रम योजनालाई प्रथम चरण र अन्तिम चरण गरी दुई चरणमा विभाजन गरिएको छ।

२. प्रश्नपत्रको भाषा नेपाली वा अङ्ग्रेजी वा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।

३. परीक्षाको भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।

४. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रबाट परीक्षा सञ्चालन हुनेछ।

५. प्रथम पत्र र द्वितीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ। दुवैपत्रको परीक्षा एकैदिनमा वा छुट्टाछुट्टै दिनमा लिन सकिनेछ।

६. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

७. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा मोवाईल फोन, स्मार्ट वाच, क्याल्कुलेटर जस्ता सामग्रीहरु प्रयोग गर्न पाइने छैन।

८. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ।

९. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ।

१०. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक भाग/खण्डका प्रश्नहरुको उत्तर सोही भाग/खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

११. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१२. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

१३. प्रथम चरणको लिखित परीक्षाको प्राप्ताङ्क र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्कको आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१४. यस भन्दा अगाडि लागू गरिएको माथि उल्लेखित सेवा, समूहको पाठ्यक्रम खारेज गरिएको छ।

१५. पाठ्यक्रम लागू हुने मितिः २०८१।०९।२२

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको कृषि सेवा (बाली संरक्षण, बाली विकास, वागवानी, कृषि प्रसार, माटो विज्ञान र एगृ. इको. एण्ड मार्केटिङ्ग समूह) र स्थानीय सेवाको कृषि सेवा, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

प्रथम पत्र (Paper I): सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन तथा सेवा सम्बन्धी ज्ञान

भाग (Part I):

सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन

(General awareness & Public management)

Section -A (१० प्रश्न × २अङ्क= २० अङ्क)

१. सामान्य ज्ञान (General Awareness)

१.१. नेपालको भौगोलिक अवस्था, प्राकृतिक स्रोत र साधनहरु

१.२. कर्णाली प्रदेशको ऐतिहासिक, सांस्कृतिक र सामाजिक अवस्था सम्बन्धी जानकारी

१.३. कर्णाली प्रदेशको आर्थिक अवस्था र चालु आवधिक योजना सम्बन्धी जानकारी

१.४. मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विज्ञान र प्रविधिका महत्त्वपूर्ण उपलव्धिहरु

१.५. जैविक विविधता, दिगो विकास, वातावरण प्रदुषण, जलवायु परिवर्तन र जनसङ्ख्या व्यवस्थापन

१.६. नेपालको संविधान (भाग १ देखि भाग ५ सम्म र अनुसूचीहरु)

१.७. संघ, प्रदेश र स्थानीय तहको शासन व्यवस्था सम्बन्धी जानकारी

१.८. संयुक्त राष्ट्र संघ, सार्क, बिमस्टेक सम्बन्धी जानकारी

१.९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका समसामयिक गतिविधिहरु

Section –B (१० प्रश्न×२अङ्क= २०अङ्क)

२. सार्वजनिक व्यवस्थापन (Public management)

२.१. कार्यालय व्यवस्थापन

२.१.१ कार्यालयः परिचय, महत्त्व, कार्य र प्रकार

२.१.२ सहायक कर्मचारीका कार्य र गुणहरु

२.१.३ कार्यालय स्रोत साधनः परिचय र प्रकार

२.१.४ कार्यालयमा सञ्चारको महत्त्व, किसिम र साधन

२.१.५ कार्यालय कार्यविधिः पत्र व्यवहार, दर्ता र चलानी, फाइलिङ, परिपत्र, तोक आदेश, टिप्पणी लेखन

२.१.६ अभिलेख व्यवस्थापन

२.२. प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनमा भएका व्यवस्थाहरु

२.२.१ निजामती सेवाको गठन, संगठन संरचना, पदपूर्ति गर्ने तरिका र प्रक्रियाहरु

२.२.२ कर्मचारीको नियुक्ति, सरुवा, वढुवा, बिदा, विभागीय सजाय र अवकाश

२.२.३ कर्मचारीले पालना गर्नुपर्ने आचरण, नैतिक दायित्त्व र कर्तव्यहरु

२.३. सार्वजनिक सेवा प्रवाहको अर्थ, सेवा प्रवाह गर्ने निकाय, तरिका र माध्यमहरु

२.४. मानव अधिकार, सुशासन र सूचनाको हक सम्बन्धी सामान्य जानकारी

२.५. सार्वजनिक वडापत्र

२.६. कानूनी शासन र कर्मचारीतन्त्र

## भाग (Part II):

## सेवा सम्बन्धी ज्ञान (Service Based Knowledge) (३० प्रश्न × २अङ्क= ६० अङ्क)

१. कृषि सेवा सम्बन्धी ज्ञान तथा कानूनी व्यवस्था

- १.१. नेपालको संविधानमा कृषि तथा खाद्य सम्बन्धी व्यवस्था
- १.२. स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका कृषि सम्बन्धी व्यवस्थाहरु
- १.३. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली, २०८१ मा कर्मचारीको आचरण, विदा र सजाय सम्बन्धी व्यवस्था
- १.४. जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ मा इजाजत पत्र सम्बन्धी व्यवस्था, जीवनाशक विषादीको प्रयोग, व्यवस्थापन र दण्ड सजाय सम्बन्धी व्यवस्था
- १.५. बीउ विजन ऐन, २०४५ (संसोधन सहित) र बीउ बिजन नियमावली, २०८१ मा बीउ बिजन सूचित, बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलन तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्था
- १.६. कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ मा भू-उपयोग तथा प्राङ्गारिक कृषि वस्तुको मापदण्ड, प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयन तथा कसूर र सजाय सम्बन्धी व्यवस्था
- १.७. कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ मा कृषि व्यवसाय प्रर्वद्धन सम्बन्धी व्यवस्था, कृषि उपजहरुको बजारीकरण सम्बन्धी व्यवस्था, क्षतिपूर्ति, कसुर र सजाय सम्बन्धी व्यवस्था
- १.८. कर्णाली प्रदेशको चालू आवधिक योजनामा कृषि क्षेत्रको प्राथमिकता, लक्ष्य एवं उद्देश्य
- १.९. कृषि विकास रणनीति २०१५–२०३५ का खास महत्त्वका कार्यक्रमहरु (Flagship Programs) (खाद्य तथा पोषण सुरक्षा, विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा, मूल्य शृङ्खला विकास, नव प्रवर्तन र कृषि उद्यमशिलता कार्यक्रम) बारे जानकारी
- १.१०. राष्ट्रिय कृषि नीति
- १.११. प्रमुख कृषि बालीहरु तथा तिनको उत्पादन अवस्था
- १.१२. अनुगमन, मूल्यांकन, प्रतिवेदन र यसको महत्त्व
- १.१३. कृषि क्षेत्रमा जोखिम व्यवस्थापन तथा बाली वीमा सम्बन्धी व्यवस्था
- १.१४. बीउ उत्पादन र उत्पादनोपरान्त गुणस्तर कायम राख्न अपनाउनुपर्ने विधिहरु
- १.१५. कृषि आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण, विविधिकरणबारे सामान्य जानकारी
- १.१६. जलवायु परिवर्तन र यसले नेपालको कृषि क्षेत्रमा पुऱ्याएका असर र प्रभावहरु
- १.१७. चक्लाबन्दी खेतीको अवधारणा, आवश्यकता र महत्त्व

२. बागवानी

- २.१. बागवानीका शाखाहरु र कर्णाली प्रदेशमा बागवानी विकासको आवश्यकता र सम्भावना
- २.२. कर्णाली प्रदेशको जलवायु क्षेत्र (Climate zones) अनुसार गरिने विभिन्न फलफूल खेतिहरु
- २.३. फलफूल तरकारी र मसलाजन्य बालीहरुको नर्सरी स्थापना तथा व्यवस्थापन
- २.४. बगैंचाको रेखाङ्कन विधिहरु र तालिम तथा काँटछाँटको महत्त्व
- २.५. तरकारी तथा मसला बालीका प्रमुख जातहरु र उत्पादन प्रविधिः आलु (Potato), काउली समूह (Cole crops), फल समूह (Fruit Vegetables), गानो बाली समूह (Bulb crops), फर्सी समूह (Cucurbits), अदुवा (Zinger) र बेसार (Turmeric), अलैंची (Cardamun)
- २.६. फलफूलमा कलमी तथा वानस्पतिक प्रसारण विधिहरु
- २.७. फलफूल तथा तरकारी खेतीमा हाइब्रीड (वर्णशंकर) जातहरुको प्रयोग र महत्त्व
- २.८. फलफूल खेती प्रविधि तथा प्रचलित प्रमुख जातहरुः आँप, अम्बा, लिचि, सुन्तला जात (Citrus), किवी, स्याउ र सिउँडी फल (Dragon fruit)
- २.९. उच्च घनत्व स्याउ बगैचा स्थापना तथा व्यवस्थापन

२.१०. प्लाष्टिक घर र ग्रीन हाउसमा तरकारी खेती प्रविधि र महत्त्व

२.११. पुष्प खेती (Floriculture): सयपत्री, मखमली, ग्ल्याडुलस

२.१२. बेमौसमी तरकारी खेती प्रविधिको महत्त्व

३. माटो व्यवस्थापन

३.१. माटोका गुणहरु

३.१.१. भौतिक गुण, रसायनिक गुण र जैविक गुण

३.१.२. माटोको पि.एच. अवस्था र माटोको उर्वराशक्ति कायम गर्ने तरिकाहरु

३.२. बिरुवालाई आवश्यक खाद्यतत्वहरुको काम र यिनको कमी हुंदा देखिने लक्षण र रोकथामका उपायहरु

३.२.१. मुख्य तत्वहरुः नाईट्रोजन, फस्फोरस र पोटास

३.२.२. सहायक तत्वहरुः क्याल्सियम, म्याग्नेसियम र गन्धक

३.२.३. सूक्ष्म तत्वहरुः फलाम, तामा, जस्ता, म्याग्नेज, मोलिवडेनम, सुहाग (बोरोन) र निकेल

३.३. मल र मलखाद

३.३.१. प्रांगारिक मलहरु (कम्पोष्ट मल, गोठेमल, सूक्ष्म जैविक मल, हरियो मल र बायोग्याँसको लेदो)

३.३.२. रसायनिक मलहरु (नाइट्रोजनयुक्त, फस्फोरसयुक्त, मिश्रित र यौगिक खाद्यतत्वयुक्त, पोटासयुक्त, सूक्ष्मतत्वयुक्त)

३.३.३. मलको मात्रा निकाल्ने तरिका र मल प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

३.४. माटो जाँच सेवाः माटोको नमूना लिने तरिका, जाँचको लागि तयारी र Kit box बारे जानकारी

३.५. एकीकृत खाद्य तत्त्व व्यवस्थापन प्रणाली र यसको महत्त्व

३.६. भू-क्षय (Soil Erosion) कायम राख्ने तरिका

४. बाली विज्ञान

४.१. बाली विज्ञानको परिभाषा र कर्णाली प्रदेशमा बाली विकासको महत्त्व

४.२. नेपालको विभिन्न क्षेत्र र हावापानीका लागि पछिल्ला पाँच वर्षमा सिफारीस गरिएका धान, मकै, गहुँ, मुसुरो, कोदो र तोरी बालीका जात र तिनीहरुको पाक्ने अवधि, सरदर उत्पादन क्षमता, सिफारिस क्षेत्र र मुख्य विशेषताहरु

४.३. धान, मकै, गहुँ, मुसुरो, कोदो, चिनो, कागुनो बालीहरुको खेती प्रविधि

४.४. नेपालमा लगाइने प्रमुख खाद्यान्न, दलहन र तेलहन बालीहरुको वैज्ञानिक नामाकरण

४.५. वीउको परिभाषा, प्रमाणीकरण तथा यथार्थ संकेतपत्र पद्दति अनुसार वीउका पुस्ताहरुको नाम एवं पुस्ता जनाउने ट्यागको रंग

४.६. असल वीउका गुणहरु र वीउको गुणस्तर कायम राख्न अपनाउनु पर्ने विधिहरु

५. बाली संरक्षण

५.१. नेपालका प्रमुख खाद्यान्न (धान, मकै), नगदे (तोरी, उखु), तरकारी (काउली, टमाटर, आलु, काँक्रा) एवं फलफूल (स्याउ, सुन्तला जात, आँप, ओखर), दलहन (मुसुरो, सिमी), मसला बाली (अदुवा, बेसार र खुर्सानी) बालीका प्रमुख रोग, कीरा, पहिचान, नोक्सानी, लक्षण एवं रोकथाम प्रविधि

५.२. एकीकृत शत्रुजीव व्यवस्थापनः परिचय, सिद्धान्त र महत्त्व, कृषक पाठशाला तरीका र भूमिका

५.३. मित्रजीवको पहिचान, रोग, किरा व्यवस्थापनमा मित्रजीवको प्रयोग, महत्त्व तथा संरक्षण विधि

५.४. घरेलु विषादी बनाउने तरिका र प्रयोग

५.५. मौरी पालन प्रविधि, नेपालमा पाइने मौरीका जातहरु र मौरी पालनमा देखिने समस्याहरु तथा ब्यवस्थापन

५.६. कन्ये, गोब्रे र सिताके च्याउ खेती प्रविधि तथा च्याउमा देखिने समस्याहरुको ब्यवस्थापन

५.७. रोग किरा व्यवस्थापनमा Plant quarantine को भूमिका

५.८. नेपालमा प्रतिबन्ध गरिएका विषादीहरु, बिषादीको घातक मात्रा, पर्खनु पर्ने समय, विषादीको सुरक्षित प्रयोग र विषादी अवशेष द्रुत विश्लेषण (RBPR)

५.९. विषादीको वर्गीकरण र बाली उपचार शिविरको महत्त्व

६. कृषि अर्थशास्त्र

६.१. माग र आपूर्तिको नियम तथा कृषि उपजको मूल्य निर्धारण विधि

६.२. कृषि बजारको परिचय र वर्गीकरण

६.३. कृषि उपजको बजारीकरणमा सहकारी क्षेत्रको भूमिका

६.४. उत्पादित कृषि वस्तुहरुको बजार व्यवस्था, फार्मगेट, थोक तथा खुद्रा मूल्यको अवधारणा

६.५. उत्पादन लागत तथा कृषि तथ्याङ्क संकलनमा बाली कटानीको महत्त्व

६.६. प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक लाभको अवधारणा र कर्णाली प्रदेशका तुलनात्मक लाभका बाली वस्तुहरु

६.७. कृषि बजार कार्यहरु, कृषि बजार सूचना र महत्त्व

६.८. प्राङ्गारिक कृषि उपज बजारीकरणका प्रमुख समस्याहरु

६.९. कृषि बस्तुमा मूल्य श्रृङ्खला विश्लेषणको महत्त्व

७. कृषि प्रसार

७.१. कृषि प्रसारः परिचय र महत्त्व

७.२. असल कृषि प्रसार कार्यकर्तामा हुनुपर्ने गुणहरु

७.३. नेपालमा संचालन भएका विभिन्न कृषि प्रसार पद्धतिहरु

७.४. कृषि प्रसार तरिकाहरु (उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन, तरिका प्रदर्शन, कृषक दिवस, कृषि मेला)

७.५. कृषक समूहको परिचय तथा महत्त्व, अगुवा कृषक एवं कृषि प्रसारमा अगुवा कृषकको भूमिका

७.६. नवप्रवर्तन र प्रविधि अवलम्बनका चरणहरु

७.७. कृषि प्रसारमा उत्प्रेरणाको महत्त्व र यसका सिद्धान्त

७.८. कृषि तालिम र यसको महत्त्व तथा कृषक तालिममा आवश्यकता पहिचान

७.९. असल प्रशिक्षकका गुणहरु

७.१०. कृषि सञ्चार र प्रविधि प्रसारणमा श्रव्यदृश्य सामग्री र सूचना प्रविधिको महत्त्व र उपयोग

७.११. नेतृत्व विकास र कृषि प्रसारमा स्थानीय नेतृत्वको भूमिका

७.१२. कृषक पाठशाला र यसको सञ्चालन

## प्रथम पत्रको प्रश्नसंख्या तालिका

प्रथम पत्रबाट यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ।

| भाग | खण्ड | विषयबस्तु | परीक्षा प्रणाली | अङ्कभार | प्रश्नसंख्या×अङ्क |
|---|---|---|---|---|---|
| I | A | सामान्यज्ञान | बस्तुगत बहुवैकल्पिक प्रश्न | २० | १० प्रश्न×२अङ्क =२०अङ्क |
| | B | सार्वजनिक व्यवस्थापन | | २० | १० प्रश्न×२अङ्क =२०अङ्क |
| II | | सेवा सम्बन्धी ज्ञान | | ६० | ३० प्रश्न×२अङ्क =६० अङ्क |

प्रथम पत्रको भाग (Part II) सेवा सम्बन्धी ज्ञान विषयका एकाईवाट यथासम्भव निम्नानुसार प्रश्नहरु सोधिनेछ।

| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| वस्तुगत प्रश्नसंख्या | ८ | ४ | ३ | ३ | ४ | ४ | ४ |

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको कृषि सेवा (बाली संरक्षण, बाली विकास, वागवानी, कृषि प्रसार, माटो विज्ञान र एगृ.इको. एण्ड मार्केटिङ्ग समूह) र स्थानीय सेवाको कृषि सेवा, सहायकस्तर पाँचौ तह, प्राविधिक सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

द्वितीय पत्र (Paper II): प्राविधिक विषय (Technical Subject)

खण्ड क (Secction A): ५० अङ्क

१. कृषि सेवा सम्बन्धी ज्ञान तथा कानूनी व्यवस्था
    १.१. नेपालको संविधानमा कृषि तथा खाद्य सम्बन्धी व्यवस्था
    १.२. राष्ट्रिय कृषि नीति
    १.३. स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएका कृषि सम्बन्धी व्यवस्थाहरु
    १.४. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली, २०८१ मा कर्मचारीको आचरण, विदा र सजाय सम्बन्धी व्यवस्था
    १.५. कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ मा भू-उपयोग तथा प्राङ्गारिक कृषि वस्तुको मापदण्ड, प्राङ्गारिक कृषि कार्यक्रम कार्यान्वयन, कसूर र सजाय सम्बन्धी व्यवस्था
    १.६. कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ मा कृषि व्यवसाय प्रर्वद्धन सम्बन्धी व्यवस्था, कृषि उपजहरुको बजारीकरण सम्बन्धी व्यवस्था, क्षतिपूर्ति, कसुर र सजाय सम्बन्धी व्यवस्था
    १.७. कर्णाली प्रदेशको चालू आवधिक योजनामा कृषि क्षेत्रको प्राथमिकता, लक्ष्य, उद्देश्य, एवं रणनीति
    १.८. कृषि विकास रणनीति २०१५–२०३५ र यसका विशेषताहरु
    १.९. कर्णाली प्रदेश र स्थानीय तह अन्तर्गतका निकायहरुको संरचना र कार्यहरु
    १.१०. नेपाल कृषि अनुसन्धान परिषद्को दुरदृष्टि र प्रमुख कार्यहरु
    १.११. कर्णाली प्रदेशमा कृषि क्षेत्र (तरकारी, फलफूल, मसलाबाली र अन्नबाली) का सम्भावना र प्रमुख समस्याहरु
    १.१२. कृषि वस्तुहरुको उत्पादनोपरान्त (Post-harvest) हुने क्षति र न्यूनीकरण गर्ने उपायहरु
    १.१३. प्राङ्गारिक कृषि र असल कृषि अभ्यास
    १.१४. कृषि आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकरण, विविधिकरणबारे सामान्य जानकारी
    १.१५. जलवायु परिवर्तन, यसले नेपालको कृषि क्षेत्रमा पुऱ्याएका असर र प्रभावहरु
    १.१६. चक्लाबन्दी खेतीको अवधारणा, आवश्यकता र महत्त्व
    १.१७. संघ, प्रदेश र स्थानीय तहमा कृषि विकास कार्यक्रम तर्जुमाका आधारहरु र प्रमुख कार्यक्रमहरु
    १.१८. कृषि विकास कार्यक्रममा ऋण, उत्पादन सामग्री, कृषि औजार तथा उपकरण, बजार तथा मूल्य व्यवस्था
    १.१९. नेपालका प्रमुख बालीहरु तथा तिनको उत्पादन अवस्था
    १.२०. दिगो कृषि विकासका सिद्धान्तहरु

२. बागबानी
    २.१. आर्थिक विकासमा बागवानी क्षेत्रको महत्व
    २.२. प्रमुख फलफूल बालीहरु (आँप, लिची, केरा, मेवा, भूईंकटहर, अम्बा, सुन्तला, कागती, स्याउ, नासपाती, सिउँडी फल र किवी) को खेती प्रविधि, प्रसारण, काँटछाँट, मलखाद व्यवस्थापन, विकृतिहरु, रोग किरा र तिनको व्यवस्थापन
    २.३. फलफूल, तरकारी तथा मसला बालीको नर्सरी स्थापना र व्यवस्थापन
    २.४. प्रमुख तरकारी बालीहरु (काउली, बन्दा, ब्रोकाउली, मूला, गाजर, सलगम, गोलभेडा, भन्टा, खुर्सानी, काँक्रा, फर्सी, घिरौला, रायो, धनियाँ र पालुंगो) को खेती प्रविधि
    २.५. फलफूल र तरकारी खेतीमा हाइब्रीड (वर्णशंकर) जातहरुको प्रयोग र महत्व
    २.६. बेमौसमी तरकारी खेती उत्पादन प्रविधिहरु र महत्त्व
    २.७. करेसावारी (Kitchen Garden) तथा शहरी/ शहरी क्षेत्र आसपासमा तरकारी खेतीको महत्व र व्यवस्थापन तरिका

२.८. आलु उत्पादन प्रविधि तथा भण्डारण गर्ने तरिकाहरु

२.९. मसलाबाली (अलैंची, अदुवा, बेसार,प्याज र लसुन) खेती प्रबिधि

२.१०. कर्णाली प्रदेशमा कफी र अलैंची खेतीको संभाव्यता

२.११. कर्णाली प्रदेशमा फूल खेती (Floriculture) को अबस्था र संभाब्यता

२.१२. बाली उत्पादन उपरान्तका क्षतिहरु र न्यूनीकरणका उपायहरु

३. कृषि प्रसार

३.१. कृषि प्रसारको परिचय र महत्व

३.२. कृषि प्रसार कार्यकर्तामा हुनुपर्ने गुणहरु

३.३. कृषि विकासमा कृषि प्रसार, कृषि अनुसन्धान र कृषि शिक्षाको महत्व

३.४. नेपालमा सञ्चालित विभिन्न कृषि प्रसारका तरिकाहरु र तिनीहरुको सञ्चालन बिधि

३.५. अगुवा कृषक तथा कृषक समूहको परिचय, महत्व एवं कृषि प्रसारमा अगुवा कृषकको भूमिका

३.६. कृषक समूह गठन प्रकृया एवं प्रभावकारी परिचालन

३.७. कृषि प्रसारका तरिकाहरु

३.८. नवप्रर्वद्धन (Innovation), प्रचार/फैलावट (Diffusion) र ग्रहणकर्ताको वर्गीकरण (Adopters Categories)

३.९. कृषि सञ्चार र प्रविधि प्रसारणमा श्रव्यदृश्य सामग्री, मोवाइल एप्लिकेशन र किसान कल सेन्टर

३.१०. कृषि तालिम, महत्व र तालिमको आवश्यकता पहिचान

३.११. कृषि विकासमा सरकारी, सहकारी, निजी क्षेत्र, गैर सरकारी संस्था तथा विकास साझेदारहरुको भूमिका

३.१२. कृषि विकासमा वैदेशिक सहायताको भूमिका

३.१३. कृषि विकासमा महिलाको भूमिका

## खण्ड ख (Secction B) ५० अङ्क

४. बाली विज्ञान

४.१. बाली विज्ञानको परिचय र नेपालमा बाली बिकासको महत्व

४.२. धान, मकै, गहुं, कोदो, उखु, जुट, भटमास, मास, मुसुरो र तोरी बालीहरुको खेती प्रबिधि

४.३. बीउको परिभाषा, प्रमाणीकरण तथा यथार्थ संकेतपत्र पद्दति अनुसार बीउका पुस्ताहरुको नाम एवं पुस्ता जनाउने ट्यागको रंग

४.४. असल बीउका गुणहरु, बीउको गुणस्तर कायम राख्न अपनाउनु पर्ने बिधिहरु

४.५. नेपालको हावापानी अनुसार सिफारिस गरिएका बालीहरु (धान, मकै, गहुँ, कोदो, उखु, जुट, भटमास, मुसुरो, तोरी) को जात र तिनीहरुको पाक्ने अवधि, सरदर उत्पादन क्षमता, सिफारिस क्षेत्र र मुख्य विशेषताहरु

४.६. नेपालको विभिन्न क्षेत्रमा प्रचलित बालीचक्रहरु र तिनको महत्व

४.७. कर्णाली प्रदेशमा कृषि जैविक विविधता र उपयोगिता

४.८. बीउको उत्पादनोपरान्त गुणस्तर कायम राख्न अपनाउनुपर्ने विधिहरु

४.९. विद्युतीय वीउ वीजन सूचना प्रणाली (DESIS) बारे सामान्य जानकारी

५. बाली संरक्षण

५.१. कृषि क्षेत्रमा बाली संरक्षणको महत्त्व

५.२. नेपालका प्रमुख खाद्यान्न (धान, मकै), नगदे (तोरी, उखु), तरकारी (काउली, टमाटर, आलु, काँक्रा) एवं फलफूल (स्याउ, सुन्तला जात, आँप, ओखर), दलहन (मुसुरो, सिमी), मसला बाली (अदुवा, बेसार र खुर्सानी) बालीका प्रमुख रोग, कीरा, पहिचान, नोक्सानी, लक्षण एवं रोकथाम प्रविधि

५.३. एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) को सिद्धान्त र महत्व

५.४. बाली संरक्षण प्रयोगशाला निदान सेवाका लागि प्रयोग हुने सामान्य बिधिहरु

५.५. रोग कीरा व्यवस्थापनमा प्राकृतिक कृषिको भूमिका तथा जीवामृत, घनामृत र विजामृत बनाउने तरिका एवं प्रयोग विधि

५.६. रोग, कीरा एवं झारपात तथा यिनको प्राकृतिक शत्रुहरु (मित्रजीव) को सर्वेक्षण र सर्भिलेन्स बिधि

५.७. मौरी पालन, रेशम किरा पालन तथा किम्बु खेतीको प्रविधि

५.८. कन्ये, गोब्रे, सिताके र रातो च्याउ खेती प्रविधि

५.९. रोग तथा कीरा व्यवस्थापनमा Plant Quarantine को भूमिका

५.१०. नेपालमा प्रतिबन्धित बिषादीहरु, विषादीको सुरक्षित प्रयोग र विषादी अवशेष द्रुत विश्लेषण विधि

५.११. बाली उपचार शिबिर (Plant Clinic) को महत्व र संचालन बिधि

६. कृषि अर्थशास्त्र

६.१. कृषि अर्थशास्त्रको परिचय र कृषि विकासमा यसको महत्व

६.२. माग तथा आपूर्तिको परिचय र नियम

६.३. बजारमुखी कृषि उत्पादन योजनाको अवधारणा

६.४. कृषि बजारको परिचय, वर्गीकरण र महत्व

६.५. खाद्य तथा पोषण सुरक्षाको अवधारणा

६.६. तुलनात्मक लाभका बालीहरुको पहिचानमा लाभ लागत विश्लेषणको भूमिका

६.७. कृषि उद्यम विकासमा सहकारी र वित्तीय संस्थाहरुको भूमिका

६.८. प्राथमिक तथ्यांक (Primary data) र सहायक तथ्यांक (Secondary data) को परिचय तथा श्रोतहरु एवं तथ्यांक संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरु

६.९. कृषि उद्यम (Agri-business) को परिचय र नेपालमा यसका सम्भावनाहरु

६.१०. कृषि वस्तुमा मूल्य श्रृंखला विश्लेषणको परिचय तथा महत्व

६.११. कृषि उद्यमशिलता विकासमा Incubation को महत्त्व

६.१२. कृषि विकासमा अनुगमन र मूल्यांकनको महत्त्व

६.१३. कृषि क्षेत्रमा जोखिम व्यवस्थापनका लागि बाली वीमा कार्यक्रम

६.१४. प्रमुख कृषि जन्य वस्तुहरुको बजार मूल्य निर्धारण विधि

६.१५. नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्व र प्रमुख सवालहरु

७. माटो व्यवस्थापन

७.१. माटोको परिभाषा, माटो निर्माणको प्रक्रिया र नेपालको माटोवारे संक्षिप्त जानकारी

७.२. माटोका गुणहरु

७.२.१. भौतिक गुण, रसायनिक गुण र जैविक गुण

७.२.२. माटोको पि.एच. अवस्था र माटोको उर्वराशक्ति कायम गर्ने तरिकाहरु

७.३. बिरुवालाई आवश्यक खाद्यतत्वहरुको काम, कमी हुंदा देखिने लक्षणहरु र रोकथामका उपायहरु

७.३.१. मुख्य तत्वहरुः नाईट्रोजन, फस्फोरस र पोटास

७.३.२. सहायक तत्वहरुः क्याल्सियम, म्याग्नेसियम र गन्धक

७.३.३. सूक्ष्म तत्वहरुः फलाम, तामा, जस्ता, म्याग्नेज, मोलिवडेनम, सुहाग (बोरोन) र निकेल

७.४. मल र मलखाद

७.४.१. प्रांगारिक मलहरु (कम्पोष्ट मल, गोठेमल, सूक्ष्म जैविक मल, हरियो मल र बायोग्याँसको लेदो)

७.४.२. रासायनिक मलहरु (नाइट्रोजनयुक्त, फस्फोरसयुक्त, मिश्रित र यौगिक खाद्यतत्वयुक्त, पोटासयुक्त, सूक्ष्मतत्वयुक्त)

७.४.३. मलको मात्रा निकाल्ने तरिका र मल प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

७.५. माटो जाँच सेवाः माटोको नमूना लिने तरिका, जाँचको लागि तयारी र Kit box बारे जानकारी

७.६. एकीकृत खाद्य तत्त्व व्यवस्थापन प्रणाली र यसको महत्त्व

७.७. भू-क्षय (Soil Erosion) नियन्त्रणका तरिकाहरु

७.८. माटो शिविर तथा घुम्ती माटो परीक्षण प्रयोगशालावाट माटो जाँच र यसको महत्त्व

७.९. Digital Soil Map (DSM) बारे जानकारी

७.१०. प्राङ्गारीक तथा जिवाणु मल निर्देशिका, २०७८

<u>द्वितीय पत्रको प्रश्नसंख्या तालिका</u>

द्वितीय पत्रको एकाईहरुबाट यथासम्भव निम्नानुसार विषयगत प्रश्नहरु सोधिनेछ।

| खण्ड | Section-A | | | Section-B | | | |
|---|---|---|---|---|---|---|---|
| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| छोटो प्रश्न | २ | २ | २ | १ | २ | २ | १ |
| लामो प्रश्न | १ | १ | | १ | | १ | |

२. कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

विषयः कम्प्युटर सीप परीक्षण (Computer Skill Test)

| विषय | पूर्णाङ्क | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १० | Nepali Typing | २ अङ्क | ५ मिनेट |
| | | English Typing | २ अङ्क | ५ मिनेट |
| | | Ms word | २ अङ्क | १० मिनेट |
| | | Electronic Spreadsheet | २ अङ्क | |
| | | Presentation System | १ अङ्क | |
| | | Windows basic, Email and Internet | १ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

Contents

1. Ms word (0.5×2=1 Marks and 1×1=1 Mark)
   a. Creating, saving and opening documents
   b. Typing in Nepali and English
   c. Text formatting (Font, Size, Color, Underline, Italic, Bold, etc.) and paragraph formatting (alignment, indentation, spacing)
   d. Inserting Header, Footer, Page Number, Table, Pictures, Shapes, Hyperlink, Bookmark, Text Box and Symbol
   e. Page Formatting
   f. Security Techniques of Document
   g. Mail merge
2. Electronic Spreadsheet (0.5×2=1 Marks and 1×1=1 Mark)
   a. Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
   b. Creating, Opening and Saving Work Book
   c. Editing, Copying, Moving, Deleting Cell Contents
   d. Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
   e. Formatting Rows, Column and Sheets
   f. Using Formula with Relative and Absolute Cell Reference
   g. Using Basic Functions (SUM, MAX, MIN, AVERAGE)
3. Presentation System (0.5×2=1 Marks)
   a. Introduction to presentation application
   b. Creating, Opening & Saving Slides
   c. Formatting Slides, Slide design, Inserting header & footer
   d. Slide Show, hyper link
   e. Animation
   f. Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.
4. Windows basic, Email and Internet (0.5×2=1 Marks)
   a. Introduction to Graphical User Interface
   b. Starting and shutting down Windows
   c. Basic Windows elements: Desktop, Taskbar, My Computer, Recycle Bin etc.
   d. Concept of file, folder, menu, toolbar
   e. Searching files and folders
   f. Internet browsing & searching content in the web
   g. Creating Email ID, Using email and mail client tools

## अंग्रेजी र नेपाली Typing Skill Test को लागि निर्देशन

१. नेपाली typing skill test को लागि १५० शब्दको एउटा text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct words/minute) | पाउने अङ्क |
|---|---|
| ४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ४ वा सो भन्दा बढी र ७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ७ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| १० वा सो भन्दा बढी र १३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १३ वा सो भन्दा बढी र १६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १६ वा सो भन्दा बढी र १९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १९ वा सो भन्दा बढी र २२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २२ वा सो भन्दा बढी र २५ भन्दा कम शुद्धशब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |

२. English typing skill test को लागि २०० शब्दको एउटा text दिइनेछ र देहायअनुसार अङ्क प्रदान गरिनेछ।

| शुद्ध शब्द प्रतिमिनेट (Correct words/minute) | पाउने अङ्क |
|---|---|
| ४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ४ वा सो भन्दा बढी र ८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.२५ अङ्क |
| ८ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| १२ वा सो भन्दा बढी र १६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १६ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| २० वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| २४ वा सो भन्दा बढी र २८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २८ वा सो भन्दा बढी र ३२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| ३२ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |

३. नेपालीमा दिइएको text लाई अनिवार्य रुपमा युनिकोड (रोमानाइज्ड वा ट्रेडिसनल) मा टाइप गर्नुपर्नेछ।

४. अंग्रेजी र नेपाली typing मा दिइएको text लाई आधारमानी टाइप गरेको text सँग भिडाई परीक्षण गरिनेछ। दिइएको अंग्रेजी वा नेपाली text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो text मा punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिनेछैन। तत्पश्चात, निम्न formula प्रयोग गरी शुद्ध शब्द प्रतिमिनेट (correct words/minute) निकालिनेछ।

Formula: शुद्ध शब्द प्रतिमिनेट (Correct words/minute) = $\frac{\text{(Total words typed} - \text{Wrong words)}}{5}$